फो.नं.४२००४६०
सिंहदरवार काठमाडौं

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( आर्थिक प्रशासन शाखा )

प.सं. :-२०७७/७८
च.नं. :-३४

मितिः- २०७७/०४/२९

विषयः- स्थानीय तहको आ.व.२०७६/७७ को वार्षिक हिसाव भिडान तथा प्रतिवेदन सम्वन्धमा।

श्री स्थानीय तहहरु, ( सवै ७५३ )

स्थानीय तहको आ.व.२०७६/७७ को वार्षिक हिसाव भिडान तथा प्रतिवेदन सम्वन्धमा महालेखा नियन्त्रक कार्यालय (प्रणाली विकास,अभिलेख तथा समन्वय शाखा) को प.सं. प्रविअस/२०७७/७८ च.नं.०१ मिति २०७७/०४/०६ को पत्रवाट कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई लेखिएको पत्र साथ प्राप्त निर्देशन पाना ११ संलग्न छ । उक्त निर्देशन अनुसार हिसाव भिडान तथा प्रतिवेदन कार्य गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

वोधार्थः-
श्री महालेखा नियन्त्रक कार्यालय,
(प्रणाली विकास,अभिलेख तथा समन्वय शाखा)अनामनगर काठमाडौ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु,
सवै ।
श्री सूचना तथा प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः पत्र र पाना ११ को निर्देशन संलग्न छ, बेभसाइटमा अपलोड गरिदिनु हुन ।

# स्थानीय तहको आर्थिक वर्ष २०७६/७७ को वार्षिक हिसाब भिडान तथा प्रतिवेदन सम्बन्धी निर्देशन

क. अन्तर सरकारी अख्तियारी तर्फको निकासा तथा खर्चको प्रमाणित आर्थिक विवरण (समानीकरण, सशर्त र समपुरक अनुदान तथा विशेष अनुदान बाहेक) जिल्लास्थित अन्य कार्यालयहरु सरह प्रमाणित गरी पेश गर्नुपर्ने छ ।

ख. वित्तीय हस्तान्तरण तर्फको निकासा तथा खर्चको प्रमाणित आर्थिक विवरण (समानीकरण, सशर्त र समपुरक अनुदान तथा विशेष अनुदान) कोष तथा लेखा नियन्त्रक कार्यालयले नै तयार गरी प्रमाणित गरी पेश गर्नुपर्ने छ ।

ग. स्थानीय तहको निकायका रुपमा नेपाल सरकारका कार्यालयले अन्तर सरकारी अख्तियारी अन्तर्गत खर्च गरेको भए सो आर्थिक कारोबारको वित्तीय विवरण सम्बन्धित स्थानीय तहमा पेश गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

घ. स्थानीय तहमा प्रयोग भैरहेको स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा स्थानीय तहहरुको "वार्षिक प्रतिवेदन" (अनुसूची-१ हेर्नुहुन) सम्बन्धी अलग खण्डको व्यवस्था गरी भिडान गर्ने व्यवस्था मिलाईएको हुनाले सो खण्डमा तपसिल बमोजिम आवश्यक विवरणहरु प्रविष्टी गर्ने तथा भिडान गर्ने व्यवस्था मिलाई स्थानीय तहहरुबाट प्रमाणित प्रतिवेदनहरु प्राप्त गरी सुरक्षित राख्नुपर्ने छ ।

१. महालेखा नियन्त्रक कार्यालयले तयार गर्ने एकीकृत आर्थिक विवरणमा समावेश हुने स्थानीय तहहरुको प्रतिवेदन SuTRA प्रणालीबाटै प्राप्त गर्ने व्यवस्था मिलाईएको हुनाले तहाँ जिल्लास्थित स्थानीय तहहरुसँग सम्बन्धित सम्पुर्ण आर्थिक कारोबार अनिवार्य रुपमा SuTRA प्रणालीमा अध्यावधिक हुने व्यवस्थाका लागि स्थानीय तहहरुसँग समन्वय गर्नुहुने छ ।

२. SuTRA प्रणालीमा आम्दानी, खर्च, वित्तीय हस्तान्तरण तथा वार्षिक प्रतिवेदन लगायतका अन्य विवरणहरु SuTRA मा प्रविष्टी हुने बजेट अनुमानकै आधारमा हुने व्यवस्था भएको हुनाले आर्थिक वर्ष २०७६/७७ को बजेट SuTRA प्रणालीमा प्रविष्टी नगर्ने स्थानीय तहहरुलाई अनिवार्य रुपमा बजेट प्रविष्टी गर्ने व्यवस्था मिलाउने । (SuTRA प्रणालीमा बजेट प्रविष्टी नगर्ने स्थानीय तहको लागि मात्र)

३. SuTRA प्रणालीमा आम्दानी लेखाङ्कन नगर्ने स्थानीय तहहरुले बजेट प्रविष्टी गरे पश्चात "वार्षिक प्रतिवेदन" खण्डको प्रविष्टी अन्तर्गत "आम्दानी" भन्ने बटनमा Clickगरी बजेटमा अनुमान गरिएका आम्दानीका शीर्षकहरु सम्बन्धित स्रोतगत आम्दानी (मासिक रुपमा) प्रविष्टी गर्ने (अनुसूची-२ हेर्नुहुन) व्यवस्था मिलाउने । (SuTRA प्रणालीमा आम्दानीको भौचर नउठाउने स्थानीय तहको लागि मात्र)

४. SuTRA प्रणालीमा खर्च लेखाङ्कन नगर्ने स्थानीय तहहरुलाई बजेट तथा आम्दानी प्रविष्टी गरे पश्चात "वार्षिक प्रतिवेदन" खण्डको प्रविष्टी अन्तर्गत "खर्च" भन्ने बटनमा Click गरी बजेटमा अनुमान गरिए बमोजिमका क्रियाकलाप/आयोजनाको भौचरगत वास्तविक खर्च(पेश्की समेत) प्रविष्टी गर्ने (अनुसूची-३ हेर्नुहुन) व्यवस्था मिलाउने । उक्त भौचर प्रविष्टी विवरणमा "भुक्तानी प्रयोजनका लागि" अन्तर्गत भर्नुपर्ने विवरण ऐच्छिक (Optional) बनाईएको छ । (SuTRA प्रणालीमा खर्चको भौचर नउठाउने स्थानीय तहको लागि मात्र)

५. नेपाल सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहहरुमा भएको **आर्थिक वर्ष २०७६/७७** को वित्तीय हस्तान्तरण मध्ये स्थानीय तहले SuTRA प्रणालीमा प्रविष्टी गरेको बजेट, निकासा आम्दानी र खर्च को रकमसँग भिडान गर्ने प्रयोजनको लागि SuTRA प्रणालीको "वार्षिक प्रतिवेदन" खण्डको प्रविष्टी अन्तर्गत "वित्तीय हस्तान्तरण" भन्ने बटनमा Click गरी "को.ले.नि.का.ले प्रविष्टी गर्ने" भन्ने शीर्षक (Heading)अन्तर्गत "LMBIS अनुसारको अन्तिम बजेट", TSAअनुसारको चौमासिक रुपमा "स्थानीय तहमा हस्तान्तरित रकम (निकासा)","आर्थिक वर्ष २०७६/७७ भित्र फिर्ता भएको रकम", "आर्थिक वर्ष २०७७/७८ मा राजस्व खाता मार्फत फिर्ता गरेको रकम" लगायतका विवरणहरु को.ले.नि.का.ले प्रविष्टी गर्ने व्यवस्था मिलाई वित्तीय हस्तान्तरण (अनुदान) को शीर्षकगत रुपमा भिडान गरी "भिडान भयो" भन्ने बटनमा Click गर्ने ।नेपाल सरकार तथा प्रदेश सरकारको विवरण अलग अलग रुपमा प्रविष्टी गर्ने (अनुसूची-४ हेर्नुहुन) व्यवस्था मिलाईएको छ ।(सबै स्थानीय तहको लागि तथा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको लागि अनिवार्य)

६. तहाँ जिल्लास्थित स्थानीय तहको "स्थानीय तह विभाज्य कोष" सम्बन्धी शीर्षकगत विवरण SuTRAप्रणालीको "वार्षिक प्रतिवेदन" खण्डको प्रविष्टी अन्तर्गत "विभाज्य कोष" भन्ने बटनमा Click गरी प्रविष्टी गर्ने व्यवस्था मिलाउने । साथै उक्त विवरणको Column 7 को "श्रेस्तानुसार बाँडफाँट हुन बाँकी" जम्मा रकमसँग "बैंक अनुसार बाँडफाँट हुन बाँकी" रकम(बैंकबाट प्रमाणित बैंक विवरण-Bank Statement प्राप्त गरी सोका आधारमा) भिडान गरी फरक देखिएमा कैफियत महलमा फरक पर्नाको कारण लेख्न लगाउने र सो पश्चात "भिडान भयो"भन्ने बटनमा Click गर्ने (अनुसूची-५ हेर्नुहुन)।(सबैस्थानीय तहको लागि अनिवार्य)

७. SuTRA प्रणालीको "वार्षिक प्रतिवेदन" खण्डको प्रविष्टी अन्तर्गत "कोष/खाता" भन्ने बटनमा Click गरी स्थानीय तहमा रहेका राजस्व, सञ्चित कोष, खर्च खाताहरु, धरौटी खाता, विविध कोष खाता, विभाज्य कोष, आकस्मिक कोष लगायतका सबै कोष/बैंकखाताहरुको श्रेस्ता अनुसारको "शुरु मौज्दात, प्राप्ति, खर्च/फिर्ता, श्रेस्ता अनुसारको अन्तिम मौज्दात तथा बैंक अनुसारको अन्तिम मौज्दात" को विवरण प्रविष्टी गर्ने व्यवस्था मिलाई "श्रेस्तानुसारको अन्तिम मौज्दात" सँग "बैंक अनुसारको अन्तिम मौज्दात" को रकम फरक परेको भए सोको कारण कैफियत महल (Column 9) मा उल्लेख गर्न लगाई भिडान गरी "भिडान भयो" भन्ने बटनमा Click गर्ने । कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष जस्ता साविकमा खोलिएका कोष खाताहरुको रकम जोडजम्मा गरी "ग-५.१ स्थानीय तह विविध कोष खाता" अन्तरगत एकमुष्ट प्रविष्टी गरी भिडान गर्ने व्यवस्था मिलाउने र सो बाहेकका अन्य कोष/खाता रहेकोमा "अन्यकोष" अन्तरगत जोडजम्मा गरी प्रविष्टी गरी भिडान गर्ने व्यवस्था मिलाई "भिडान भयो" भन्ने बटनमा Click गर्ने(अनुसूची-६ हेर्नुहुन) । बैंकअनुसारको मौज्दात भिडान गर्दा अनिवार्य रुपमा बैंकबाट प्रमाणित बैंक विवरण (Bank Statement) प्राप्त गरी सोही बमोजिम गर्ने । (सबै स्थानीय तहको लागि अनिवार्य)

८. स्थानीय तहमा रहेका खाताहरुबाट खर्च लेखिने तथा साटिने गरी जारी भएका चेकहरुको मान्य अवधिसम्म नसाटिएका चेकहरु भए SuTRA प्रणालीको "वार्षिक प्रतिवेदन" खण्डको प्रविष्टी अन्तर्गत "नसाटिएको चेक" भन्ने बटनमा Click गरी खातागत रुपमा विवरण प्रविष्टी गर्ने(अनुसूची-७ हेर्नुहुन) व्यवस्था मिलाउने । (सबै स्थानीय तहको लागि अनिवार्य)

९. तहाँ जिल्लास्थित प्रत्येक स्थानीय तहको आर्थिक कारोबारसँग सम्बन्धित माथि उल्लेखित सम्पूर्ण विवरणहरु प्रविष्टी भई भिडान भए पश्चात SuTRA प्रणालीको "वार्षिक प्रतिवेदन"

खण्डभित्र"प्रतिवेदन"अन्तर्गत व्यवस्था गरिएका तपसिल बमोजिमका सम्बन्धित स्थानीय तहबाट प्रमाणित प्रतिवेदनहरु मिति २०७७ श्रावण मसान्तभित्र प्राप्त गरी सुरक्षित रुपमा राख्ने ।(सबैस्थानीय तहको लागि अनिवार्य)

- ✓ प्रतिवेदन-१: स्थानीय तहहरुको एकीकृत वित्तीय विवरण
- ✓ प्रतिवेदन- ३: स्थानीय तहगत अन्तरिक स्रोतको प्राप्ति र भुक्तानीको शीर्षकगत विवरण
- ✓ प्रतिवेदन- ५: स्थानीय तहहरूको आन्तरिक स्रोतको प्राप्ति र भुक्तानीको विवरण
- ✓ प्रतिवेदन- ६: नेपाल सरकारवाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको श्रोतगत विवरण
- ✓ प्रतिवेदन- ७: प्रदेश सरकारवाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको श्रोतगत विवरण
- ✓ प्रतिवेदन- ८: नेपाल सरकारवाट स्थानीय तहमा भएको अन्तर सरकारी अख्तीयारीको श्रोतगत विवरण
- ✓ प्रतिवेदन- ९: प्रदेश सरकारवाट स्थानीय तहमा भएको अन्तर सरकारी अख्तीयारीको श्रोतगत विवरण
- ✓ प्रतिवेदन- १०: स्थानीय तहहरुको पेश्की बाँकीको विवरण
- ✓ प्रतिवेदन- १२: स्थानीय तहहरूको धरौटी विवरण
- ✓ प्रतिवेदन- १५: स्थानीय तहरूको बिभाज्य कोषका प्राप्ति र बाँडफाँट विवरण
- ✓ प्रतिवेदन- १७: स्थानीय तहहरूको कोषहरुको विवरण
- ✓ प्रतिवेदन- १८: स्थानीय सञ्चित कोष बाहेक अन्य कोषहरुको एकीकृत मौज्दातको विवरण
- ✓ प्रतिवेदन- १९: वित्तीय हस्तान्तरणको बजेट खर्च बाँकी र फिर्ताको विवरण
- ✓ प्रतिवेदन- २०: मान्य अवधिमा नसाटिएका चेकको विवरण

१०. बुँदा नं. ९ बमोजिमका प्रतिवेदनहरु प्राप्त भए पश्चात SuTRA प्रणालीको "वार्षिक प्रतिवेदन" खण्डको प्रविष्टी अन्तर्गत "लक" भन्ने बटनमा Click गरी पालिकागत रुपमा Entry Lock गर्ने (अनुसूची-८ हेर्नुहुन) व्यवस्था मिलाउने ।

११. महालेखा नियन्त्रक कार्यालयको वार्षिक हिसाव भिडान गर्ने समय तालिका र निर्देशन बमोजिम बुँदा नं. ९ बमोजिमका प्रतिवेदनहरु यस कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउने ।

**नोटः** *SuTRA प्रणालीमा व्यवस्था गरिएको स्थानीय तहको प्रतिवेदन सम्बन्धी कुनै जिज्ञासा भएमा महालेखा नियन्त्रक कार्यालयको SuTRA सपोर्ट सेन्टरमा (फोन नं. ०१-४७७०३८७ तथा ईमेलः sutra.support@fcgo.gov.np मार्फत )सम्पर्क गर्नुहुन अनुरोध छ ।*

# अनुसूचीहरु

## अनुसूची-१:
## SuTRA प्रणालीमा वार्षिक प्रतिवेदन खण्ड

- SuTRA प्रणालीमा Log In गर्नको लागि Internet Browser (जस्तै Google Chrome) खोली Address Bar मा sutra.fcgo.gov.np/sutra2 टाईप गरी Enter गर्ने ।(त्यसपछि Login Window देखा पर्दछ)




- Login Window मा गई Username तथा Password Type गरी SuTRA प्रणाली भित्र छिर्ने । त्यसपछि वार्षिक प्रतिवेदन भन्ने Button मा Click गर्ने ।






# अनुसूची-२:

## श्रोतगत मासिक आम्दानी प्रविष्टी सम्बन्धी SuTRA प्रणालीमा रहेको फारामको ढाँचा
## (SuTRA प्रणालीबाट आम्दानीको भौचर नउठाउने पालिकाहरुको लागि मात्र)



संचितकोष व्यवस्थापन प्रणाली(SuTRA

sutra.fcgo.gov.np/sutra2/apphome/5708370310744875

Apps | PHP 7.4.5 - phpinfo() | MISC technical notes | Shopping Cart - GU...

संचितकोष व्यवस्थापन प्रणाली [ बार्षिक प्रतिबेदन]

प्रकाश गौतम [अर्थ मन्त्रालय काठमाडौं] | होम | बाहिर जानुहोस

बार्षिक प्रतिबेदन | सुरक्षा

आम्दानी | खर्च | वित्तीय हस्तान्तरण | विभाज्य कोष | कोषखाता | नभाटिएको चेक | ताक

प्रविष्टि

रिपोर्ट १ … रिपोर्ट २१

स्थानीय तह

आम्दानी::

आर्थिक वर्ष : 2076/77

संस्था : 80101401 | कुञ्जलिङ नगरपालिका

Show

| सि.नं. | स्रोतको तह | स्रोत | राजस्व प्रकार | स्रोत प्राप्तिको विधि | अनुमान | साउन | भदौ | आश्विन | कार्तिक | मार्ग | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | संघीय सरकार | नेपाल सरकार | 13311 - समानिकरण अनुदान | नगद अनुदान | १५,२२,००,००० | | | | | | | | | |
| 2 | संघीय सरकार | नेपाल सरकार | 13312 - सशर्त अनुदान चालु | नगद अनुदान | २३,२३,५०,४०० | | | | | | | | | |

# अनुसूची -३:

## भौचरगत खर्च (पेश्की समेत) प्रविष्टी सम्बन्धी SuTRA प्रणालीमा रहेको फारामको ढाँचा
## (SuTRA प्रणालीबाट खर्चको भौचर नउठाउने पालिकाहरुको लागि मात्र)



# अनुसूची -४:

## नेपाल सरकार तथा प्रदेश सरकारबाट भएका वित्तीय हस्तान्तरणको बजेट, निकासा, खर्च, फिर्ता र बाँकी सम्बन्धी विवरण प्रविष्टी सम्बन्धी SuTRA प्रणालीमा रहेको फारामको ढाँचा

(सबै स्थानीय तहहरुको लागि अनिवार्य)




| S.N. | अनुदानको प्रकार | स्थानीय तहले प्रविष्टी गरेको विवरण | | | LMBIS अनुसारको अन्तिम बजेट रकम | स्थानीय तहमा हस्तान्तरित रकम(निकासा) | | | | LMBIS र स्थानीय तहको बजेटमा फरक | कोलेनिकाबाट भएको निकासा र पालिकाले आम्दानी बाँधेको रकमको फरक | निकासा भएको रकम मध्ये पालिकाले खर्च गर्न बाँकी देखाएको रकम | आ.व. फिर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट रकम | निकासा रकम | खर्च रकम | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा | | | | |
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10=(7+8+9) | 11=(6-3) | 12=(10-4) | 13=(10-5) | |
| 1 | २६३३१ - समानिकरण अनुदान | २०,५९,००,००० | २०,५९,००,००० | ९,९५,८१,२२१ | | | | | 0 | -205900000 | -205900000 | -99581221 | |
| 2 | २६३३२ - सशर्त अनुदान | ३५,३७,०४,००० | ३५,३७,०४,००० | ३२,४४,९७,६१६ | | | | | 0 | -353704000 | -353704000 | -324497615.67 | |
| 3 | २६३३३ - विशेष अनुदान | ६,१६,४२,९२० | ६,१६,४२,९२० | २,४७,२५,२२६ | | | | | 0 | -61642920 | -61642920 | -24725226 | |

# अनुसूची -५:

## स्थानीय तहको विभाज्य कोष सम्बन्धी विवरण प्रविष्टी सम्बन्धी SuTRA प्रणालीमा रहेको फारामको ढाँचा (सबै स्थानीय तहहरुको लागि अनिवार्य)



संचितकोष व्यवस्थापन प्रणाली [ बार्षिक प्रतिवेदन]

विभाज्य कोष

छात्रे मापदंड

आर्थिक वर्ष 2076/77 प्रदेश वाग्मती प्रदेश जिल्ला दोलखा पालिका 80323401 | जिरी नगरपालिका Show

| S.N. | राजस्व शीर्षक | शुरुको मौज्दात | प्राप्त | बाँडफाँड | | श्रेस्तानुसार बाँडफाँड हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रदेश | स्थानीय तह | | |
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7=(3+4-5-6) | 8 |
| 1 | ३३३४२ - मनोरञ्जन कर | | | | | | |
| 2 | ३३३४३ - विज्ञापन कर | | | | | | |
| 3 | ३३३४४ - घरजग्गा रजिष्ट्रेशन शुल्क | | | | | | |
| 4 | ३३३६६ - दहत्तर बहत्तर शुल्क | | | | | | |
| 5 | ३३३११ - अन्य बाँडफाँड हुने राजस्व संकलन | | | | | | |
| | जम्मा | 0 | 0 | 0 | 0 | 0 | |
| | बैंक अनुसारबाँडफाँड हुन बाँकी | | | | | | |
| | फरक | | | | | 0 | |
| | Reason For Difference | | | | | | |

# अनुसूची -६ः

## स्थानीय तहमा रहेका कोष/खाताहरुको विवरण प्रविष्टी सम्बन्धी SuTRA प्रणालीमा रहेको फारामको ढाँचा
## (सबै स्थानीय तहहरुको लागि अनिवार्य)



संचितकोष व्यवस्थापन प्रणाली [ वार्षिक प्रतिबेदन]

प्रकाश गौतम [अर्थ मन्त्रालय काठमाडौं] होम बाहिर जानुहोस

वार्षिक प्रतिबेदन सुरक्षा

प्रयोगकर्ताको प्रकार कर्मचारी
डिफल्ट अनुमति प्रयोगकर्ता बनाउने
संस्थाको विवरण
सामान्य

कोष/खाता

छान्ने मापदंड

आर्थिक वर्ष 2076/77 प्रदेश वाग्मती प्रदेश जिल्ला मकवानपुर पालिका 80332301 | हेटौडा उप महानग Show

| Sno | विवरण | शुरुको मौज्दात | प्राप्त | खर्च वा फिर्ता | श्रेस्ता अनुसार अन्तिम मौज्दात | बैंक अनुसार अन्तिम मौज्दात | फरक | कैफियत | Validation |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6=(3+4-5) | 7 | 8=(6-7) | 9 | 10 |
| 1 | ग १.१ - आन्तरिक राजस्व खाता | | | | | | | | Validate |
| 2 | ग १.२ - बाँडफाँडबाट प्राप्त राजस्व खाता | | | | | | | | Validate |
| 3 | ग १.३ - आन्तरिक अनुदान खाता | | | | | | | | Validate |
| 4 | ग १.४ - वैदेशिक सहायता अनुदान खाता | | | | | | | | Validate |
| 5 | ग १.५.१ - शेयर विक्री प्राप्ति खाता | | | | | | | | Validate |
| 6 | ग १.५.२ - ऋण (साँवा) फिर्ता प्राप्ति खाता | | | | | | | | Validate |
| 7 | ग १.५.३ - आन्तरिक ऋण प्राप्ति खाता | | | | | | | | Validate |
| 8 | ग १.५.४ - वैदेशिक ऋण प्राप्ति खाता | | | | | | | | Validate |

©म.ले.नि.का., २०७४

प्रयोगकर्ता पुस्तिका | पासवर्ड परिवर्तन | एस.एम.एस |

## अनुसूची -७:

स्थानीय तहमा रहेका बैंक खाताहरुबाट खर्च लेखिने गरी जारी भएका तर मान्य अवधिभित्र खातागत रुपमा नसाटिएका चेकहरुको विवरण प्रविष्टी सम्बन्धी SuTRA प्रणालीमा रहेको फारामको ढाँचा

(सबै स्थानीय तहहरुको लागि अनिवार्य)



# अनुसूची -८:

## स्थानीय तहको वार्षिक प्रतिवेदनका लागि आवश्यक सम्पूर्ण विवरणहरु प्रविष्टी भए पश्चात कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पालिकागत रुपमा Entry Lock गर्ने सम्बन्धी SuTRA प्रणालीमा व्यवस्थाको ढाँचा

